## प्रेस विज्ञप्ति

**एनआइबिएल सहभागिता फण्डको कोष आकार सम्बन्धमा ।**

एनआइएमबि एस क्यापिटल लिमिटेडले व्यवस्थापन गर्दै आएको खुलामुखी सामूहिक लगानी कोष "एनआइबिएल सहभागिता फण्ड" को हालसम्म स्वीकृत योजनाको आकार रु ६ अर्ब पुग्न सफल भएको छ । सो उपलब्धी एनआइएमबि एस क्यापिटल लिमिटेडको मुख्य कम्पनी नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, कोषको लगानीकर्ता, नियामक निकाय तथा मिडिया सहकर्मीहरुको निरन्तर साथ, समर्थन र विश्वासको परिणाम हो । यस फण्ड प्रारम्भ भएदेखि हाल सम्म फण्डले कुल ६९.४५ प्रतिशत लाभांश वितरण गर्न सफल भएको छ, जसको वार्षिक औसत लाभांश १३.८९ प्रतिशत समेत रहेको छ ।

नेपाल धितोपत्र बोर्डद्वारा जारी गरिएको सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २९(१) अनुरुप कोष प्रवर्द्धक नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडले योजनाको आकारको १३.९२ प्रतिशत (रु ८३.५ करोड) तथा योजना व्यवस्थापक एनआइएमबि एस क्यापिटल लिमिटेडले १.१ प्रतिशत (रु ६.५७ करोड) बीज पूँजीको रुपमा लगानी गरिसकेको छ । सोही नियमावलीको नियम २९(२) बमोजिम अन्य योजनको सम्बन्धमा पहिलो योजनाको कार्य सम्पादनका आधारमा बोर्डले समय समयमा तोकिदिए बमोजिमको प्रतिशतको बीज पूँजी राख्नुपर्ने व्यवस्था रहेता पनि उक्त नियम कार्यावन्यनमा नआएको र हरेक नयाँ कोष सञ्चालन गर्दा वा खुलामुखी कोषको योजना आकार वृद्धि गर्दा १५ प्रतिशत बीज पूँजी लगानी गर्नुपर्ने व्यवस्था रहको छ । अन्तर्राष्ट्रिय अभ्यास तथा खुलामुखी कोषको आधारभूत सिद्धान्तलाई आत्मसाथ गरी एनआइएमबि एस क्यापिटल लिमिटेडले आफ्नै तर्फबाट तथा नेपाल मर्चेन्ट बैंकर एशोसिएसनबाट समेत पटक पटक बीज पूँजी लगानी सम्बन्धमा नेपाल धितोपत्र बोर्ड समक्ष अनुरोध गर्दै आएता पनि उक्त विषय हालसम्म पनि छलफलकै चरणमा रहेको छ ।

सोको कारण हाल योजनाको पूर्व स्वीकृत आकार सीमा रु ६ अर्ब भन्दा माथिको नयाँ इकाई हाललाई लगानीकर्ताको डिम्याट खातामा पठाउन नसकिने जानकारी अनुरोध गर्दछौं । साथै नयाँ इकाई खरिदको लागि प्राप्त रकम एनआइएमबि एस क्यापिटल लिमिटेडले सञ्चालन गरिरहेको Online Portal मा प्रविष्टि भई हाललाई पठाउन बाँकी इकाई (Pending status) मा देख्न सकिन व्यवस्था समेत रहेको छ । नेपाल धितोपत्र बोर्ड, एनआईबिएल म्युचुअल फण्डका कोष सुपरिवेक्षक समिति, कोष प्रवर्द्धक नेपाल इन्भेष्टमेण्ट मेगा बैंकसँग समन्वय गरी यस स्थितिलाई यथाशिघ्र समाधान गर्न यस कम्पनी तत्पर रहेको समेत जानकारी गराउँर्दछौं ।

यसबाट लगानीकर्तालाई पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौं । आगामी दिनहरुमा पनि लगानीकर्ताहरुको साथ, सहयोग, सद्भाव र विश्वासलाई मध्यनजर गर्दै कम्पनीले सेवालाई थप परिस्कृत, प्रविधि मैत्री, तथा प्रतिफलयुक्त सेवाको रुपमा विकास गर्दै लैजाने तथा सञ्चालन गरिरहेको योजनाकहरुको प्रदर्शन अझै थप सुद्बढ गर्दै लैजानेमा हामी तत्पर रहेका छौं ।

थप जानकारी वा स्पष्टीकरणका लागि, यस कम्पनीको आधिकारिक वेबसाइटबाट लिन सकिनेछ वा यस कम्पनीको सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन समेत सादर अनुरोध गर्दछौं ।